# मानव अधिकार अवस्था

(मासिक विश्लेषण-मार्च २०१७ )[1]

सन् २०१७ मार्च महिनाको मानव अधिकारको अवस्था अघिल्लो महिनाको तुलनामा कमजोर रह्यो । यस महिनामा मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटना बढेको इन्सेकले अभिलेख गऱ्यो । राज्यपक्षबाट यस अवधिमा ५ जनाको हत्या भएको इन्सेकको अभिलेखमा छ ।

नेकपा एमालेले पूर्व घोषित कार्यक्रमअनुसार फागुन २१ गतेदेखि झापाबाट १५ दिने मेची काली जागरण अभियानको शुरुआत गरेकोमा अभियानको तेस्रो दिन सप्तरीको राजविराजमा प्रहरी र मधेसी मोर्चाका कार्यकर्ताबिच भएको हिंसात्मक झडपमा प्रहरीको गोली लागी पाँच जनाको मृत्यु भएको थियो । उक्त घटनामा ३८ जना मोर्चाका कार्यकर्ता र आन्दोलनकारी तथा प्रहरीतर्फ ५८ जना घाइते भएको इन्सेकले अभिलेख गऱ्यो ।

| **घटनाको प्रकार** | **गैर राज्यपक्षबाट** | | | | **राज्यपक्षबाट** | | |
|---|---|---|---|---|---|---|---|
| | **पुरुष** | **महिला** | **नखुलेको** | **जम्मा** | **पुरुष** | **महिला** | **जम्मा** |
| गिरफ्तारी | | | | | ३५ | | ३५ |
| कुटपिट | ११ | २ | | १३ | | | |
| बाल अधिकार | २३ | ३२ | | ५५ | | | |
| भौतिक सम्पति क्षति | | | ३८ | ३८ | | | |
| अमानवीय व्यवहार | ६ | २ | | ८ | १ | | १ |
| घाइते | ३ | | | ३ | ९१ | १० | १०१ |
| हत्या | ३ | ७ | | १० | ६ | | ६ |
| भेला तथा सङ्गठित हुने अधिकार | | | | | ३२ | १२ | ४४ |
| धम्की | २ | | | २ | | | |
| यातना | | | | | ३ | १ | ४ |
| महिला अधिकार | | ९३ | | ९३ | | | |
| **जम्मा** | **४८** | **१३६** | **३८** | **२२२** | **१६८** | **२३** | **१९१** |

सप्तरी घटनामा मलेठ गाविस-२ का २५ वर्षीय सञ्जन मेहता, सोही वडाका ३८ वर्षीय विरेन्द्र कुमार महतो, मलेठ गाविस-४ का ५० वर्षीय पिताम्वर मण्डल र परसवनी गाविस-४ का ४० वर्षीय आनन्द साह र जमुनी मधेपुरा २ का इनर यादवको मृत्यु भएको थियो । मृतकहरूमध्ये सञ्जन मेहताको घटनास्थलमै र अन्यको धरानस्थित विपी कोईराला मेमोरियल स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनायो ।

---

[1] अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गत डिसेम्वर महिनादेखि मानव अधिकार अवस्था बारेको मासिक प्रतिवेदन प्रकाशन गर्दै आइरहेका छौं । इन्सेकले विगत २५ वर्षदेखि नेपालको मानव अधिकार अवस्थाबारे अभिलेख गर्नुका साथै यसको प्रसार गरिरहेको छ । देशका ७५ जिल्लामा रहेका इन्सेकका जिल्ला प्रतिनिधिमार्फत इन्सेकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको अभिलेख गर्ने गरिन्छ । पाँचै क्षेत्रमा रहेका क्षेत्रीय कार्यालयमार्फत जिल्ला प्रतिनिधिले अभिलेख गरेका घटनालाई प्रशोधन गर्ने गरिन्छ । यसैगरी, मानव अधिकार अवस्थाको दैनिक अभिलेख तथा प्रसार गर्ने उद्देश्यले इन्सेकले www.inseconline.org मार्फत हरेक दिन नेपालको मानव अधिकार अवस्थासम्बन्धी समाचार प्रकाशन गर्दै आएको छ । यो मासिक विश्लेषण **इन्सेकअनलाइन**मा प्रकाशित समाचारहरूको आधारमा तयार पारिएको हो । अघिल्लो महिनाको मानव अधिकार अवस्थालाई समेटेर हरेक अङ्ग्रेजी महिनाको ६ तारिखमा मासिक प्रतिवेदन प्रकाशन गरिनेछ ।

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूका आधारमा मानव अधिकार अवस्थाको सार्वजनिकीकरण गरी सरोकारवाला निकायलाई जवाफदेही बनाउने, पीडितलाई न्याय र पीडकलाई कानुन अनुसार कारबाहीका लागि पैरवी गर्ने र मानव अधिकार अवस्थाका बारेमा जान्न चाहनेहरूका लागि यो मासिक विश्लेषण उपयोगी हुने हामीले अपेक्षा गरेका छौं ।

घटना पश्चात संयुक्त मधेसी मोर्चाले फागुन २४ र २५ गते आमहडतालको घोषणा गऱ्यो भने सप्तरी र सिरहा जिल्लामा करिव एक सातासम्म बन्द र आमहड्ताललाई निरन्तरता दिइरहे । सोही क्रममा मोर्चाका कार्यकर्ताहरूले सप्तरी र सिरहामा दर्जनौं सवारी साधन, कार्यालय र व्यक्तिका घर तथा सम्पतिमा तोडफोड र आगजनी गरी क्षति पुऱ्याए । स्थलगत अनुगमनमा रहेकी राष्ट्रिय मानवअधिकार आयोगकी सदस्य मोहना अन्सारी लगायत आयोगका कर्मचारीमाथि मोर्चाका कार्यकर्ताले गालीगलौज र दुर्व्यवहार गर्नुका साथै आयोगको बा ७ च ७४७३ र बा ७ च ७४७९ नम्बरको मोटरमा तोडफोड गरी क्षति पुऱ्याएका थिए ।

नेकपा एमालेको मेची महाकाली अभियानको क्रममा बाँके जिल्लाको नेपालगञ्ज-गुलरिया सडक खण्डमा ०७३ चैत १ गते प्रहरी र मधेसी मोर्चाका कार्यकर्ताबिच झडप भयो । झडपमा मधेसी मोर्चाका १३ जना कार्यकर्ता घाइते भए । घाइतेमध्ये सोनपुर गाविस-८ का ७२ वर्षीय जमिल भाटको उपचारको क्रममा चैत ५ गते मृत्यु भएको मधेसी मोर्चाले दावी गरे पनि श्वासप्रश्वासमा समस्या देखिएको र सोही कारणले उनको मृत्यु भएको चिकित्सकले बताए । सोही दिन बाँके जिल्लाको सीमलघारीमा बन्दको अवज्ञा गरेको आरोपमा मोर्चाका कार्यकर्ताले भे १ ख २०४२ नम्बरको बसमा आगजनी गरे ।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले यो अवधिमा संविधान संशोधन र स्थानीय निर्वाचनको विरोधमा बन्द आह्वान गर्नुका साथै अन्य राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूमाथि आक्रमण प्रयास गरेको घटना अभिलेख छ । अभिलेखित घटना अनुसार मधेसी मोर्चाका कार्यकर्ताहरूले नेपाल राष्ट्रिय शिक्षक संगठन रौतहटका जिल्ला अध्यक्ष ४७ वर्षीय मणिशंकर निधिलाई ०७३ फागुन २३ गते, नेकपा एमाले बाराको कलैयास्थित पार्टी कार्यालयका सचिव ५३ वर्षीय शंकर भट्टराई र कलैया नगरकमिटी सदस्य ५० वर्षीय रामएकवाल पटेललाई फागुन २५ गते मोसो दलेर दुर्व्यवहार गरे । त्यस्तै वारको कलैया नगरपालिका-१२ का ३८ वर्षीय एमालेका कार्यकर्ता अलिराज हवारीलाई फागुन २४ गते दुर्व्यवहार गरे । स्थानीय तहको निर्वाचन घोषणासँगै मधेसी मोर्चाले गरेको अवरोध यो महिना पनि कायम रह्यो । मधेसका केही जिल्लाहरूमा जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिकाका कार्यालयमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले तालाबन्दी गरी कामकाजमा अवरोध पुऱ्याए । उनीहरूले स्थानीय तहका कार्यालयमा राखिएका बोर्डमा आगजनी गरेका घटना पनि इन्सेकले अभिलेखमा राखेको छ ।

| **बाल अधिकार** | **गैर राज्यपक्षबाट** | | |
|---|---|---|---|
| | **पुरुष** | **महिला** | **जम्मा** |
| बालश्रम | २३ | | २३ |
| बालविवाह | | २ | २ |
| बेचबिखन | | १ | १ |
| विद्यालयमा शारीरिक दण्ड | | १ | १ |
| नवजात शीशुको हत्या | | १ | १ |
| बलात्कार | | १६ | १६ |
| यौन दुर्व्यवहार | | ११ | ११ |
| **जम्मा** | **२३** | **३२** | **५५** |

जाजरकोट जिल्लामा नेविसङ्घका पूर्व केन्द्रीय सदस्य भेरीमालिका नपा-३ का ३७ वर्षीय रवीन्द्र शाहलाई ०७३ चैत १५ गते अज्ञात समूहले ढुङ्गाले हानेर हत्या गरेको प्रहरीले जनायो । कञ्चनपुर जिल्लाको पश्चिम दक्षिण क्षेत्र पुनर्वासमा २०७३ फागुन २६ गते नेपाली भूमिमा पाइपहरू राखेर कल्भर्ट निर्माण गरि रहेका नेपालीहरू माथि फागुन २६ गते बिहान ९ बजे भारतीय सीमा सुरक्षा बल (एसएसबी) र भारतीय प्रहरीका २०/२५ जनाको समूहले निर्माणस्थलमा पुगेर कल्भर्ट निर्माणका लागि प्रयोग भएका माटाका बोरा र इँटा फाल्न थालेपछि स्थानीयबासी र भारतीय सुरक्षाकर्मीहरूबिच झडप भएको थियो । झडपका क्रममा भारतीय सीमा सुरक्षा बलका सुरक्षाकर्मीले प्रहार गरेको गोली लागेर पुनर्वास नपा-५ का २५ वर्षीय गोविन्द गौतमको मृत्यु भयो ।

इन्सेकको अभिलेख अनुसार मार्च महिनामा ४ सय १३ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित भए । जसमध्ये राज्यपक्षबाट १ सय ९१ र गैर राज्यपक्षबाट २ सय २२ जना पीडित भए । मार्च महिनामा राज्यपक्षबाट भएका घटनामा गोली प्रहारबाट ५ जनाको हत्या भएको अभिलेख छ । त्यसैगरी गिरफ्तारीका कारण ३५ जना, गोली प्रहारबाट ६ जनासहित १ सय १ जना घाइते भएका घटना अभिलेखित छन् । अमानवीय व्यवहारबाट १ जना, प्रहरी हिरासतमा दिइएको यातनाका कारण चार जना पीडित भए । भेला तथा सङ्गठित हुने अधिकारबाट ३२ जना पुरुष र १२ जना महिला पीडित भएका छन् । यी सबै ४४ जना लाठी चार्जबाट पीडित भएका हुन् ।

| **महिला अधिकार** | **गैर राज्यपक्षबाट** |
|---|---|
| | **महिला** |
| घरेलु हिंसा | ७२ |
| कथित बोक्सीको आरोप | १ |
| बहुविवाह | ५ |
| बलात्कार | ६ |
| बलात्कार प्रयास | ३ |
| यौन दुर्व्यवहार | १ |
| बेचबिखन | ५ |
| जम्मा | ९३ |

गैर राज्यपक्षबाट भएका ज्यादतीका घटनामा ४८ जना पुरुष र १ सय ३६ जना महिला पीडित भए । गैर राज्यपक्षबाट गरिएको कुटपिटका घटनामा दुई जना महिला र ११ जना पुरुष पीडित भएका छन् । नेकपा एमालेले आयोजना गरेको मेची महाकाली अभियानलाई बिथोल्ने उद्धेश्यका साथ आह्वान गरिएको बन्द तथा अन्य विरोधका कार्यक्रममा मधेसी मोर्चाका कार्यकर्ताले ३८ ओटा भौतिक सम्पतिमा क्षति पुऱ्याएका छन् । उनीहरूले स्थानीय शान्ति समितिको कार्यलय, राष्ट्रिय मानव अधिकार आयोगको गाडीलगायतमा क्षति पुऱ्याएका घटना अभिलेख गरिएको छ । मधेसी मोर्चाका कार्यकर्ताले यो अवधिमा पाँच जना राजनीतिककर्मी तथा समाजिक अभियान्तालाई मोसो दलेर दुर्व्यवहार गरेको घटना अभिलेखमा आए । गैर राज्यपक्षबाट तीन जना पुरुष र सात जना महिलाको हत्या भएका घटना इन्सेक जिल्ला प्रतिनिधिमार्फत अभिलेखमा आएका छन् ।

यो महिना बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट २३ जना बालक र ३२ जना बालिका पीडित भए । इन्सेक अनलाइनमा प्रकाशन गरिएका समाचार अनुसार १६ जना बालिका बलात्कारका घटनामा र ११ जना बालिका यौन दुर्व्यवहारका घटनामा पीडित भए । मार्च महिनामा बालश्रमका कारण २३ जना बालक पीडित भए भने विद्यालयमा दिइएको शारीरिक यातनाका घटनामा एक जना बालिका पीडित भएको अभिलेख छ । बाल विवाहका घटनामा दुई जना र बेचबिखनका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गरेको छ ।

यसैगरी, महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ९३ जना पीडित भएको अभिलेख छ । अभिलेखित घटनामा घरेलु हिंसाका कारण ७२ जना, कथित बोक्सीको आरोपमा एक जना, बलात्कारका घटनामा ६ जना, बलात्कार प्रयासका घटनामा तीन जना, यौन दुर्व्यवहारको घटनामा एक जना, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा पाँच जना र बहुविवाहका कारण पाँच जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो ।

**निष्कर्ष**

२०७२ साउनदेखि मधेसी मोर्चाले आह्वान गरेको आन्दोलनमा सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गरेपछि २९ भदौ २०७२ मा सर्वोच्च अदालतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको नाममा बल प्रयोग सन्दर्भमा अन्तरिम आदेश जारी गरेको थियो । राजविराज घटनाको न्यायिक छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउने कार्यमा ढिलाइ गर्नु हुन्न । विगतमा भएका यस्ता घटनाका दोषीलाई कानुनी दायरामा नल्याउनुले दण्डहीनताको संस्कृतिलाई मलजल पुगेको आभास भएको छ । यस्तो गल्ती यसपटक नदोहोऱ्याइयोस् ।